# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ६ संख्या २ मिति २०७९/०६/०६**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

### ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण (कार्यक्रम सञ्चालन) कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९।०६।०६

**प्रस्तावना**ः पालुङटार नगरपालिका भित्र बसोबास गर्ने सबै समुदायका ज्येष्ठ नागरिकहरुलाई सहज रुपमा स्वास्थ्य सेवामा पहुँच होस् भन्ने उद्देश्यले आर्थिक विपन्नता, भौगोलिक विकटता, अपाङ्गता साथै अन्य कारणले स्वास्थ्य संस्था भन्दा टाढा रहेका टोल बस्तीमा स्वास्थ्यकर्मी परिचालन गरि ज्येष्ठ नागरिकलाई निरोधात्मक तथा प्रबर्द्धनात्मक स्वास्थ्य उपचारका साथै प्राथमिक उपचार निःशुल्क रुपमा प्रवाह गर्न बाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी पालुङटर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण (कार्यक्रम सञ्चालन) कार्यविधि", २०७९ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि पालुङटार नगरपालिका भित्र लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यक्रम" भन्नाले पालुङटार नगरपालिका ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "ज्येष्ठ नागरिक" भन्नाले साठी बर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्दछ ।

(ग) "जिम्मेवार शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नले नेपालको संविधान बमोाजिम गठन भएको पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगर प्रमुख" भन्नाले नगर कार्यपालिको प्रमुख लाई सम्झनु पर्दछ ।

(च) "नगर उप-प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा (४) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य

**३. कार्यक्रमको उद्देश्य :** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) असहाय, अशक्त ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवामा सहज पहुँच उपलब्ध गराउने,

(ख) भविष्यमा ज्येष्ठ नागरिकको स्वास्थ्यमा आउन सक्ने जोखिम र जटिलतालाई समयमै पहिचान गरि रोकथाम र न्यूनिकरण गर्न प्रयास गर्ने,

(ग) नगरपालिका क्षेत्रभित्रका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा सम्बन्धी उचित र आवश्यक स्वास्थ्य परामर्श उपलब्ध गराउने,

(घ) पहिचान हुन आएका जोखिम र जटिल केशलाई सम्बन्धित निकायमा प्रेषण गर्ने,

(ङ) दीर्घ रोगीहरुको अवस्था बारे जानकारी लिने,

(च) ज्येष्ठ नागरिकको पोषण तथा उचित स्याहार, सुसार र हेरचाह सम्बन्धमा परिवारलाई आवश्यकता अनुसार परामर्श सेवा उपलब्ध गराउने ।

## परिच्छेद ३

## सञ्चालक समिति गठन तथा काम, कर्तब्य

४. **कार्यक्रम सञ्चालक समिति गठन सम्बन्धी व्यवस्था : (१)** कार्यक्रमको नीति, योजना तथा कार्यक्रम तयार गर्न साथै कार्यक्रम सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि आवश्यक सुझाव दिन देहाय बमोजिम एक सञ्चालक समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) प्रमुख | - | अध्यक्ष |
| (ख) उप-प्रमुख | - | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| (ङ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | - | सदस्य |
| (च) स्वास्थ्य शाखाका नर्सिङ अधिकृत | - | सदस्य |

(छ) स्वास्थ्य शाखाका अधिकृत - सदस्य

(ज) आयूर्वेद शाखा प्रमुख - सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम, कर्तव्य :** दफा (४) बमोजिमको समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने श्रोत व्यवस्थापन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक देखिएमा उपयुक्त प्रक्रिया एवं कार्यविधि तय गर्ने तथा आवश्यकता अनुसार नीतिगत निर्णयहरु गराउन समन्वय गर्ने,

(ग) कार्यक्रमको पहिचान, प्राथमिकिकरण तथा तर्जुमा गर्ने, नगर सभाबाट स्वीकृत क्षेत्रगत वजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालन गर्ने,

(घ) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(ङ) कार्यक्रमको उद्देश्य अनुरुप काम गर्ने ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन प्रक्रिया

**६. कार्यक्रम सञ्चालन प्रक्रिया :** यस कार्यक्रम अन्तर्गत देहाय अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

(क) स्वास्थ्य संस्थाको कार्ययोजना अनुसार कम्तिमा महिनाको १ पटक स्वास्थ्य संस्था र गाउँघर क्लिनिकको पहुँचबाट टाढा रहेका टोलहरुमा प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने,

(ख) सेवा प्रदान गर्न १ जना नर्सिङ र १ जना पारामेडीक्स परिचालन गर्ने ।

## परिच्छेद ५
## विविध

**७. उपकरण तथा सामाग्री खरिद :** (१) यस कार्यक्रम सञ्चालनको लागि अत्यावश्यक व्यवस्थापन गर्न सहयोग पुग्ने उपकरण मात्र खरिद गरिनेछ । सो को जिम्मेवारी नगर कार्यपालिकाको स्वास्थ्य र जिन्सी शाखाको साथै खरिद इकाई समितिको हुनेछ ।

(२) कार्यक्रम सञ्चालनका लागि अवाश्यकता हेरी खर्च गर्न समितिले निर्णय गर्नु पर्नेछ र सो निर्णय बमोजिम बिनियोजित बजेटको परिधि भित्र रहि खर्च गर्न सकिनेछ ।

**८. अभिलेख राख्नु पर्ने :** यस कार्यक्रम बमोजिम सेवा लिने सेवाग्राहीहरुको अभिलेख मासिक रुपमा सम्बन्धित स्वास्थ्य संस्थाले राखी स्वास्थ्य शाखामा सो को प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**९. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) सञ्चालक समितिले प्रत्येक एक महिनामा सो समितिबाट भए गरेको काम कारबाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१०. यातायात खर्चको व्यवस्था** : स्वास्थ्यकर्मीको हौसला तथा उत्प्रेरणाको लागि यस कार्यक्रममा फिल्डमा खटिएका स्वास्थ्यकर्मीहरुलाई बजेटको परिधि भित्र रहि कार्यालयले निर्णय गरे बमोजिम यातायात खर्च उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**११. लेखा परीक्षण :** (१) कार्यक्रमको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कार्यक्रमको आयव्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१२. व्याख्या, संशोधन र खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१३. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत